
Body & Data
बडी एण्ड डाटा

# सामाजिक सञ्जाल विधेयक, २०८१

## एक्स्प्लेनर दस्तावेज

## Social Network Bill, 2025
## Explainer Document



२०८१ माघ १५ गते सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमनलाई व्यवस्थित गर्न भनेर राष्ट्रिय सभामा सामाजिक सञ्जाल विधेयक, २०८१ दर्ता गराउनु भएको थियो।

विधेयक भनेको कुनै पनि नयाँ कानून निर्माण गर्न वा विद्यमान कानुनमा संशोधन गर्नका लागि संसदमा पेस गरिने कानुनको मस्यौदा वा प्रस्ताव हो ।

(यस विधेयकलाई मन्त्रीले विचार गरियोस् भन्ने प्रस्ताव राखेर सभामा विधेयक माथि सैद्धान्तिक छलफल गरिन्छ । यो भनेको विधेयकको मूल उद्देश्यमाथि छलफल गरिने हो । छलफलपछि सभा सदस्यले ७२ घण्टा भित्र संशोधन दर्ता गर्न सक्छन् । यसपछि विधेयकको दफावार छलफल सभा मै वा विषयगत समितिमा पठाएर गरिन्छ । समितिको छलफलमा मन्त्री, सरोकारवाला, विज्ञ लगायतको सहभागिता हुन्छ । समितिले संशोधन सहित प्रतिवेदन पेस गर्छ। मन्त्रीले संशोधन सहितको विधेयक पारित गरियोस् भन्ने प्रस्ताव राख्छन्। यदि विधेयक राष्ट्रिय सभाबाट बहुमतबाट पारित भएमा विधेयकलाई प्रतिनिधि सभामा पठाइन्छ। र , प्रतिनिधि सभामा पनि यही प्रक्रिया दोहोरिन्छ । विधेयक दुवै सभाबाट पारित भएमा राष्ट्रपति समक्ष पठाइन्छ। र, राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गरेमा ऐन बन्नेछ। र , यो प्रमाणिकरण भएको मितिले ३१ औ दिन देखि लागू गर्ने भनिएको छ । )

## विधेयकका उल्लेखित उद्देश्य

१. सामाजिक सञ्जालका प्ल्याटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाउन

२. सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग

३. सामाजिक सञ्जालको प्रयोगलाई नियमन गर्न

परिच्छेद

# ९ प्रारम्भिक

| नामः | लागु हुने मितिः | लागु हुने क्षेत्रः |
|---|---|---|
| सामाजिक सञ्जाल ऐन, २०८१ | प्रमाणीकरण भएको मितिले ३१ औ दिन देखि | नेपालभर र नेपाल बाहिर बसेर नेपाल वा नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने व्यक्तिलाई |

## महत्वपूर्ण परिभाषाहरुः

| | |
|---|---|
| **प्लेटफर्म** | इन्टरनेटमा व्यक्ति, समूह वा संस्था बीच विचार वा जानकारी आदानप्रदान गर्न वा सामाजिक अन्तरक्रिया गर्न साइबर स्पेसमा उपलब्ध बनाइएको एप, वेबसाइट, ब्लग, एआई टुल्स लगायतका सार्वजनिक रुपमा उपलब्ध सामाजिक सञ्जाल प्लेटफर्म । |
| **सामाजिक सञ्जाल** | कम्प्युटर, कम्प्युटर नेटवर्क,  इन्टरनेट जस्ता विद्युतीय प्रविधिको प्रयोग गरी व्यक्ति, समूह वा संस्थाबीच अन्तर्क्रिया गर्ने वा विषयवस्तु (कन्टेन्ट) प्रसारण गर्न सक्ने प्रणाली । |
| **सामाजिक सञ्जालको दुरुपयोग** | कानुन विपरीतका सामग्री सामाजिक सञ्जालमा  पोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोस्ट, ट्याग, ह्यासट्याग, मेन्सन गर्ने वा यस्तै अन्य कार्य । |
| **सामाजिक सञ्जालको प्रयोग** | व्यक्ति, समूह वा संस्थागत पहिचान हुने गरी विषयवस्तु सामाजिक सञ्जालमा पोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोस्ट, ट्याग, ह्यासट्याग, मेन्सन गर्ने वा यस्तै प्रकृतिको अन्य कार्य । |

परिच्छेद

१

# महत्वपूर्ण परिभाषाहरुः

| | |
|---|---|
| **हेट स्पीच** | व्यक्ति, समूह वा समुदाय विरुद्ध हिंसा वा घृणा फैलाउने वा सामाजिक सद्भाव बिगार्ने प्रकृतिका विषयवस्तु सामाजिक सञ्जालमा पोष्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोष्ट, ट्याग, ह्यासट्याग, मेन्सन गर्ने वा यस्तै प्रकृतिको अन्य कार्य । |
| **साईबर बुलिङ** | कसैले इन्टरनेटको माध्यमबाट सामाजिक सञ्जालको प्रयोग गरी साइबरस्पेसमा गलत वा हानिकारक सामाग्री पठाउने, पोष्ट गर्ने, सेयर गर्ने वा कसैलाई सताउने, तर्साउने, धम्काउने, लज्जित गराउने, अपमान गर्ने, मानमर्दन गर्ने वा अफवाह फैलाउने गरी आवाजको नक्कल गर्ने जस्ता कार्य । |
| **ह्याक** | कसैको कम्प्युटर प्रणाली वा सामाजिक सञ्जालमा अनधिकृत रुपमा पहुँच प्राप्त गरी तथ्याङ्क भण्डार (Data) मा हस्तक्षेप गर्ने कार्य । |
| **फिसिङ** | विद्युतीय सञ्चार माध्यमवाट कुनै कुरा सत्य हो भन्ने विश्वासमा पारी कुनै व्यक्तिको पासवर्ड, क्रेडिट कार्ड नम्बर, बैंक खाता जस्ता संवेदनशील सूचना प्राप्त गर्ने कार्य । |
| **इम्पोष्टर स्क्याम** | कसैबाट पैसा वा व्यक्तिगत विवरण चोर्ने उद्देश्यले फोन वा इमेल वा विद्युत्तीय प्रणाली मार्फत आफू चिनजान भएको वा विश्वास गर्न योग्य व्यक्ति भएको भन्ने भ्रममा पारी कुनै रकम वा व्यक्तिगत विवरण माग गर्ने कार्य । |
| **सेक्सटोर्सन** | कसैको नितान्त व्यक्तिगत तथा निजी तस्बीर, अडियो वा भिडियो सामाजिक सञ्जालको प्रयोग गरी सार्वजनिक गर्ने वा कसैसँग सेयर गर्ने धम्की दिई यौन शोषण, आर्थिक लाभ वा हिंसाका लागि बाध्य पार्ने कार्य । |
| **एक्सटोर्सन** | सामाजिक सञ्जालको प्रयोग गरी कसैलाई डर त्रासमा पारी कुनै लाभ उठाउने उद्देश्यले कुनै कार्य गर्न लगाउने काम । |
| **डिपफेक भिडियो** | आर्टिफिसियल इन्टेलिजेन्स (AI) को प्रयोग गरी कुनै व्यक्तिको अनुहार, आवाज वा हाउभाउको नक्कल गरेर गलत सूचना र अश्लीलता फैलाउने वा चरित्रहत्या गर्ने कार्य । |

## परिभाषित नगरिएका शब्दहरु:

विधेयकमा अस्पष्ट शब्दहरूको प्रयोग हुँदा यस विधेयकका केही प्रावधानलाई नियमन गर्ने निकायले चाहे अनुसारको व्याख्या गर्न सक्ने अवस्था खुला छाडिएको छ, जसले गर्दा अनलाइन सेन्सरसिप वा अभिव्यक्ति नियन्त्रणको जोखिम निम्त्याउन सक्छ। विधेयकमा परिभाषित नगरिएका शब्दहरू यस प्रकार छन्:

- राष्ट्रिय हित
- अपमानजनक
- बीभत्स
- अश्लील
- मिथ्या
- वास्तविक पहिचान

परिच्छेद

# २ अनुमतिपत्रको व्यवस्था

यस परिच्छेदमा सामाजिक सञ्जाल प्ल्याटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म वा संस्थाले प्ल्याटफर्म सञ्चालन गर्न अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिएको छ ।

अनुमतिपत्र लिनका लागि सञ्चार मन्त्रालय अन्तर्गतको सूचना प्रविधि विभागमा आवश्यक कागजात सहित निवेदन दिनुपर्छ ।

विभागले जाँचबुझ गरेर निवेदन परेको **३ महिना** भित्र अनुमति पत्र प्रदान गर्नेछ। अनुमतिपत्रको अवधि २ वर्षको हुन्छ र हरेक २ वर्षमा यो रिन्यु गर्नु पर्ने हुनेछ ।

यो ऐन आउनु भन्दा अगाडी देखि नै सञ्चालनमा रहेका प्लेटफर्महरुका लागि भने यो ऐन प्रारम्भ भएको मितिले **६ महिना** भित्र निवेदन दिनुपर्छ ।

## प्लेटफर्म दर्ता गर्न निवेदन दिँदा आवश्यक कागजात

| | | |
|---|---|---|
| कम्पनी दर्ता प्रमाणपत्र | अद्यावधिक पत्र | गोपनीयता नीति |
| प्रबन्धपत्र | सञ्चालक समितिको विवरण | प्रयोगकर्ता मापदण्ड |
| PAN प्रमाणपत्र | अनुमतिपत्र लिन गरेको निर्णय | आधिकारिक प्रतिनिधिको प्रमाणपत्र |
| शेयरधनी विवरण | निवेदन दिने अधिकारपत्र | विभागले तोकेका अन्य आवश्यक कागजात |
| विदेशी लगानी सम्बन्धी कागजात | नागरिकता वा राहदानी प्रतिलिपि | |

## विधेयकमा विभागलाई केही अवस्थामा अनुमतिपत्र खारेज गर्ने अधिकार दिइएको छ । यदि -

| अनुमतिपत्र प्राप्त व्यक्तिले | विदेशी प्लेटफर्मको हकमा |
|---|---|
| राष्ट्रहित विपरीत सामग्री प्रसार गरे | नेपालमा सम्पर्क बिन्दु वा गुनासो सुनुवाई संयन्त्र व्यवस्था नगरे |
| ऐनको उल्लङ्घन गरे | विभागको निर्देशन नमान्ने अवस्था आएमा |
| झुट्टा विवरण पेश गरेर अनुमतिपत्र लिएको प्रमाणित भएमा | |

तर, अनुमतिपत्र खारेज गर्नु अघि विभागले सम्बन्धित व्यक्तिलाई अनुमतिपत्र खारेज हुनु नपर्ने कुनै आधार भए **१५ दिन** भित्र पेश गर्न मौका दिनुपर्ने व्यवस्था गरिएको छ ।

यसरी प्रस्तुत गरिएको कारण पनि मनासिब नदेखिएमा विभागले खारेजीको निर्णय गरेर **७ दिन** भित्र जानकारी दिनु पर्नेछ ।

यदि निर्णय चित्त नबुझेमा सम्बन्धित पक्षले थाहा पाएको मितिले **३५ दिन** भित्र सञ्चार मन्त्रालयमा पुनरावेदनका लागि अपिल गर्न सक्नेछ । र, यसमा मन्त्रालयको सचिवको निर्णय नै अन्तिम हुन्छ ।

यस व्यवस्थाले अर्धन्यायिक निकायलाई न्यायिक अधिकार दिएर न्यायलायको अधिकार माथि हस्तक्षेप गरेको छ ।

परिच्छेद

३

# संस्थागत व्यवस्था

## विधेयकको दफा १० मा विभागको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ जुन निम्नानुसार छन्ः

i. सामाजिक सञ्जालको नियमित अनुगमन गर्ने र कानून अनुरूप नदेखिएका विषयवस्तुलाई प्लेटफर्मबाट हटाउन निर्देशन दिने

ii. गुनासो सुनुवाईको व्यवस्थापन गर्ने

iii. सामाजिक सञ्जालको प्रयोग बारे सचेतनामूलक कार्यक्रम गर्ने

## सामाजिक सञ्जालको दुरुपयोग रोकी यसको सञ्चालन र प्रयोगलाई व्यवस्थित गर्न विधेयकले विभिन्न सम्बद्ध निकायहरूको व्यवस्था गरेको छ। यी निकायहरूमा -

| | |
|---|---|
| नेपाल प्रहरी | सूचना तथा प्रसारण विभाग |
| नेपाल दूरसञ्चार प्राधिकरण | विज्ञापन बोर्ड |
| प्रेस काउन्सिल | र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य निकायहरू राखिएका छन्। |

## यि सम्बद्ध निकायको जिम्मेवारी र दायित्वहरू निम्नानुसार तोकिएको छः

i. सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न सम्पर्क व्यक्ति तोक्ने,

ii. ऐन विपरीत सामग्री प्रसारण भएमा विभागलाई जानकारी गराउने,

iii. प्रयोगकर्ताको हित र सुरक्षाका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

iv. गुनासो सम्बोधनको क्रममा विभागसँग समन्वय गर्ने,

v. विभागले दिएको निर्देशनहरूको पालना गर्ने

परिच्छेद

# ४ अनुमतिपत्र प्राप्त व्यक्ति वा सामाजिक सञ्जालको प्रयोगकर्ताले पालन गर्नु पर्ने शर्त

**विधेयकको दफा १२ मा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाका लागि सर्तहरु तोकिएको छ । ति सर्तहरु देहाय बमोजिम छन्;**

i. नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित लगायतमा खलल पुर्याउन नहुने,
ii. कुनै व्यक्तिको चरित्रमा गम्भीर आघात पुर्याउन नहुने जस्ता गर्न नहुने,
iii. कानून विपरीतका सामग्री पोष्ट वा सेयर हुन नदिन प्रविधि विकास गर्नु पर्ने
iv. प्रयोगकर्ताको गोपनियतता सुरक्षित गर्नु पर्ने,
v. सचेतना र शिक्षामूलक सामाग्री प्रसार गर्नु पर्ने,
vi. विषयवस्तुको तथ्यको जाँच गर्ने लगायताका शर्तहरु गर्नु पर्ने

यहाँ तोकिएको शर्तहरुको पालना नगर्दा अनुमतिपत्र प्राप्त व्यक्तिलाई **२५ लाख** देखि **१ करोड** सम्म जरिवाना हुन सक्ने व्यवस्था छ । जरिवाना गर्नु अघि सफाई पेश गर्ने मौका दिनुपर्ने कुरा पनि विधेयकमा उल्लेख छ ।

विधेयकको **दफा १३** मा सामाजिक सञ्जाल प्लेटफर्ममा कानून विपरितका विषयवस्तु प्रसार हुन आएको खण्डमा त्यसको जाँचबुझ गरेर विषयवस्तु हटाउन विभागले निर्देशन दिन सक्ने व्यवस्था छ ।

---

यदि प्लेटफर्मले हटाउन निर्देशन गरिएको विषयवस्तु हटाउन नमानेमा **५ लाख देखि १५ लाख रुपैयाँ** सम्म जरिवाना गर्न सक्ने व्यवस्था विधेयकमा छ ।

**दफा १६ मा सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नुपर्ने सर्तहरू निम्नानुसार राखिएका छन्:**

i. कसैको प्रतिष्ठामा आँच पुर्याउने, गाली बेइज्जती गर्ने, ट्रोल बनाउने वा हेट स्पीच मानिने कार्य नगर्ने,

ii. मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार नगर्ने,

iii. कानूनले निषेध गरेका वस्तुको विज्ञापन तथा कारोबार नगर्ने,

iv. कानूनले निषेध गरेका क्रियाकलापको नक्कल वा सेयर नगर्ने,

v. अन्धविश्वास फैलाउने र जनस्वास्थ्यमा प्रतिकूल असर पुर्याउने विषयवस्तुको प्रसार नगर्ने,

यसरी तोकिएका शर्त विपरितका कार्यलाई सामाजिक सञ्जालमा गर्न नहुने भनिएको छ :

---

- पोष्ट
- शेयर
- कमेन्ट
- लाइक
- रिपोष्ट
- ट्याग
- लाइभ स्ट्रिमिङ
- सब्स्क्राइब
- ह्यासट्याग
- मेन्सन

यस्ता कार्यमा संलग्न सामाजिक सञ्जाल प्रयोगकर्तालाई विभागले **५ लाख** रुपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरिएको छ।

परिच्छेद

# ५ कसूर र सजाय

विधेयकको **दफा ३२** मा यो ऐन अनुसारका मुद्दामा नेपाल सरकार वादी हुने र ती मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश गरिने भन्ने व्यवस्था छ । यो भनेको यस ऐन विपरितका कार्य कसैले गर्छ र त्यसको विरुद्दमा कसैले उजुरी गर्छ भने उजुरी गर्नेको तर्फबाट सरकारले मुद्दा लड्छ ।

विधेयकको **दफा ३३** मा हदम्यादको व्यवस्था छ । सामान्य भाषामा हदम्याद भनेको कानूनले उजुरी गर्नका लागि तोकिदिएको समय सीमा हो । विधेयकमा यस ऐन विपरितका कार्य कसैले गरेमा, कसूर भएको थाहा पाएको मितिले ३ महिना भित्र उजुरी गर्न पर्नेछ ।

**दफा ३५** मा पुनरावेदनको क्षेत्रअधिकार जिल्ला र उच्च अदालतलाई दिइएको छ । यदि जिल्ला अदालतकको फैसला चित्त नबुझे मुद्दाको पक्षले ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन दिने व्यवस्था छ । साथै, विभागले गरेको निर्णयमा चित्त नबुझेमा ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था छ ।

| कसूर | सजाय |
|---|---|
| अनुमतिपत्र नलिई वा रोक लगाएको सामाजिक सञ्जाल प्लेटफर्म चलाएमा | रु २५ लाख रुपैयाँ सम्म जरिवाना |
| राष्ट्र हित प्रतिकूल हुने कार्य गरे वा गराएमा | ५ वर्षसम्म कैद वा ५ लाख रुपैयाँ सम्म जरिवाना वा दुवै |
| साइबर बुलिङ गरेमा | २ वर्षसम्म कैद वा ३ लाख रुपैयाँ सम्म जरिवाना वा दुवै |
| साइबर स्टकिङ्ग गरेमा | ३ वर्षसम्म कैद वा ५ लाख रुपैयाँ सम्म जरिवाना वा दुवै |
| कसैको आइडी तथा सूचना ह्याक गरेमा | ३ वर्षसम्म कैद वा १५ लाख रुपैयाँ सम्म जरिवाना वा दुवै |
| फिसिङ वा इम्पोष्टर स्क्याम गरेमा | ३ वर्षसम्म कैद वा १५ लाख रुपैयाँ सम्म जरिवाना वा दुवै |
| सेक्सटोर्सन वा एक्सटोर्सन गरेमा | ३ वर्षसम्म कैद वा १५ लाख रुपैयाँ सम्म जरिवाना वा दुवै |
| बिभत्स तस्बिर वा अडियो वा भिडियो पोष्ट वा स्येर गरेमा | २ वर्षसम्म कैद वा ३ लाख रुपैयाँ सम्म जरिवाना वा दुवै |
| अश्लील , मिथ्या वा भ्रामक विषयवस्तु प्रसार गरेमा | २ वर्षसम्म कैद वा ३ लाख रुपैयाँ सम्म जरिवाना वा दुवै |
| डिपफेक भिडियो अपलोड वा प्रसार गरेमा | २ वर्षसम्म कैद वा ३ लाख रुपैयाँ सम्म जरिवाना वा दुवै |
| बेनामी वा छद्मभेषी पहिचान बनाए वा प्रयोग गरेमा | ३ महिनासम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै |
| बेनामी वा छद्मभेषी पहिचान बनाई राष्ट्र हितको प्रतिकून हुने गरि प्रयोग गरेमा | ५ वर्षसम्म कैद वा १५ लाख रुपैयाँ सम्म जरिवाना वा दुवै |

परिच्छेद

# ६ विविध

विधेयकमा पीडितको अधिकारको रक्षा गर्न विभागले द्रुत प्रतिकार्य समूह (Rapid Response Team) गठन गर्न सक्ने व्यवस्था छ ।

विधेयकमा मन्त्रालयलाई विभागलाई आवश्यक निर्देशन दिन सक्ने साथै आवश्यक नियम बनाउन र कार्यान्वयनका लागि निर्देशिका वा कार्यविधि तयार गर्न सक्ने अधिकार दिइएको छ ।

www.bodyanddata.org

**@bodyanddata**

Facebook Instagram Bluesky X

---

**लेखन**: स्मृति रानाभाट
**सम्पादन**: मोनिका
**लेआउट**: श्रीजीत राजभण्डारी

**प्रकाशन**: बडी एण्ड डाटा
**सहयोग**: भिजन फर चेन्ज

सम्पूर्ण आधिकार बडी एण्ड डाटा संग सुरक्षित
बडी एण्ड डाटा , २०२५